केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२३/०७५/७६ मिति: २०७६/१/२६

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकवाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को इ.प्रा. निर्देशन नं. १६/०७५ को बुँदा नं.१३ तथा नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भई यस बैंकबाट जारी गरिएको सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ का विभिन्न दफाहरुमा संशोधन गरिएको हुँदा सोही बमोजिम गर्न गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. एकीकृत निर्देशन, २०७५ को इ.प्रा. निर्देशन नं. १६/०७५ को बुँदा नं.१३ लाई देहायबमोजिम संशोधन गरिएको छ ।

**१३. निक्षेप संकलन कार्यलाई आकर्षक बनाउन उपहार सम्बन्धी कार्यक्रम सञ्चालन गर्न नपाईने सम्बन्धमा ।**

बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप संकलन गर्दा सुन चाँदीका सिक्का लगायत कुनै पनि किसिमका उपहारहरु प्रदान गर्न पाइने छैन ।

२. सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ का विभिन्न दफाहरुमा देहायबमोजिम संशोधन गरिएको छ ।

क. कार्यबिधिको दफा २ को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :

**भूकम्प पीडित** भन्नाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसंग निजी आवास पुननिर्माण वा प्रवलीकरणका लागि हालसम्म सम्झौता गर्न नसकेको वा सम्झौता गरी पहिलो किस्ता रकम प्राप्त गरी दोस्रो किस्ता रकम प्राप्त नगरेका र आर्थिक अभावका कारण निजी आवास पुननिर्माण वा प्रवलीकरण गर्न नसकेको भूकम्प पिडित लाभग्राही सम्झनु पर्छ ।

ख. कार्यबिधिको दफा ६ को उपदफा (७) मा देहाय बमोजिम स्पष्टिकरण थप गरिएको छ :

**स्पष्टिकरण** यस दफाको प्रयोजनको लागि **धितो** भन्नाले भूकम्प पीडित निजी आवास पुननिर्माण वा प्रवलीकरण लाभग्राहीले निजी आवास निर्माण कर्जा लिई निर्माण गर्ने वा गरेको घर तथा सो घरले चर्चेको जग्गा सम्झनु पर्छ ।

ग. कार्यबिधिको दफा १० को उपदफा (५) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :

तर, यो दफा भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जाको हकमा लागु हुने छैन ।

घ. कार्यबिधिको दफा ११ को खण्ड (ख) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :

तर, भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जाको लागि स्थायी लेखा नं. (PAN) आवश्यक पर्ने छैन ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

ङ. कार्यबिधिको दफा १३ को उपदफा (१) को खण्ड (क) को ठाउँ ठाउँमा रहेका "ब्याज" भन्ने शब्द पछि "दर" भन्ने शब्द थपिएको छ ।

भवदीय,

(बम बहादुर मिश्र)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।
(१३) श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाडौं ।